# Gurkhas Finance Ltd.
# गोर्खाज फाइनान्स लि.

(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त संस्था)

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.

# वार्षिक साधारणसभाको माइन्यूट

## मिति २०८०/१२/०२ गते सम्पन्न भएको २८ औं तथा २९ औं वार्षिक साधारण सभाको निर्णय माइन्युटको विवरण

## गोर्खाज फाइनान्स लिमिटेडको
## अठ्ठाइसौं तथा उनन्तिसौं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माइन्युट)

**१. वैधानिक सभा**

कम्पनी ऐन, २०६३ र वित्तीय संस्थाको नियमावली बमोजिम वित्तीय संस्थाको वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री डेकिन्द्र कुमार राईज्यूको सभापतित्वमा तल उल्लेखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

**२. सभाको सूचना**

कम्पनी ऐन, २०६३ को दफा ६७ र वित्तीय संस्थाको नियमावली बमोजिम वित्तीय संस्थाको २८ औं तथा २९ औं वार्षिक साधारण सभाको सूचना प्रथम पटक मिति २०८०/११/१० गतेको आर्थिक राष्ट्रिय दैनिक र दोश्रो पटक २०८०/११/११ गतेको राजधानी राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो र सोही दिन वित्तीय संस्थाको वेभसाइट www.gurkhasfinance.com.npमा समेत प्रकाशन गरिएको थियो ।

**सभाको मिति, समय र स्थान**

मिति : २०८० साल चैत्र २ गते शुक्रबार, तदअनुसार १५मार्च, २०२४
समय : दिउँसो १:०० बजे
स्थान : अनुपम फुडल्याण्ड एण्ड व्याङकवेट,बत्तीसपुतलि, काठमाण्डौ ।

**३. छलफलका विषयहरु :**

**क) साधारण प्रस्तावहरु :**

१) आ.व. २०७८/७९ र २०७९/८० को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्त र २०८० आषाढ मसान्तको वासलात तथा २०७८ श्रावण १ देखि २०७९ आषाढमसान्त र २०७९ श्रावण १ देखि २०८० आषाढमसान्तसम्मको नाफा नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।
३) आ.व.२०८०/८१ को लेखापरिक्षणको लागि लेखापरिक्षण समिति तथा संचालक समितिको सिफारिस बमोजिम लेखापरिक्षक नियुक्ती गर्ने र नीजको पारिश्रमिक निर्धारण गर्ने ।

**ख) विशेष प्रस्तावहरु :**

१) संस्थाको प्रबन्धपत्रको दफा ४(थ) र दफा ५(घ) संशोधन गर्ने ।
२) संस्थाको प्रबन्धपत्र, नियमावली सम्बन्धमा नियमनकारी निकायबाट आवश्यक हेरफेर, थपघट गर्न निर्देशन भएमा सोहि बमोजिम गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग) विविध**

**४. उपस्थिति**

**४.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरुः**

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| १. | श्री डेकिन्द्र कुमार राई | अध्यक्ष |
| २. | श्री गौरव बुढाथोकी | सञ्चालक |
| ३. | श्री कर्ण बहादुर राई | सञ्चालक |

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.

| | | |
|---|---|---|
| ४. | श्री कल्पना खापुङ्ग | सञ्चालक |
| ५. | श्री नरेन्द्र कुमार अग्रवाल | सञ्चालक |
| ६. | श्री निलम बोहरा | सञ्चालक |

**४.२ प्रतिनिधि**

| क्र.सं. | नाम, थर | संस्था |
|---|---|---|
| १. | **श्री सारदा पाण्डे** | कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ । |
| २. | **श्री अनिल पन्थी** | एनआइएमवि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौ । |

**४.३ उपस्थित अन्य पदाधिकारी**

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| १. | श्री सन्तोष कुमार घिमिरे | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री मुकुन्द श्रेष्ठ | सहायक महाप्रबन्धक/कम्पनी सचिव |
| ३. | श्री ज्ञानेन्द्र इवाहाङ | बरिष्ठ प्रबन्धक |
| ४. | श्री दिपक न्यौपाने | बरिष्ठ प्रबन्धक |

**४.४ सेयरधनीको उपस्थिति**

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १. | स्वयम् उपस्थित हुने सेयरधनीको संख्या | ४२१ |
| २. | प्रतिनिधि पत्र मार्फत उपस्थित हुने सेयरधनी संख्या | १९ |
| **जम्मा** | | **४४०** |

**५. गणपुरक संख्या**

| कुल सेयरधनी संख्या | कुल सेयर संख्या | सेयरधनीको उपस्थिति | | | | | | सेयर प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | स्वयं उपस्थिति | | प्रतिनिधिमार्फत | | कुल | | |
| | | संख्या | सेयर | संख्या | सेयर | संख्या | सेयर | |
| १९,५१० | ८६,७९,९३८ | ४२१ | १८,७६,४७३ | १९ | २७,८७,३७१ | ४४० | ४६,६३,८४४ | ५३.७३ |

**६. सभाको वैधानिकता**

६.१ कम्पनी ऐन, २०६३ तथा वित्तीय संस्थाको नियमावली बमोजिम सभा बोलाइएको र कम्पनी ऐन,२०६३को दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल सेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी सेयर प्रतिनिधित्व हुने गरी कुल सेयरधनीहरु मध्ये कम्तीमा ३ जना सेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम वित्तीय संस्थाको अट्ठाइसौं तथा उनन्तिसौं वार्षिक साधारण सभामा राखिएको सेयरधनी हाजिरी पुस्तिकामा स्वयम उपस्थित भई हाजिरी जनाउने सेयरधनीको संख्या ४२१ जना र प्रोक्सी मार्फत १९ जना गरी कुल ४४० जनाको उपस्थिति रही कुल सेयरको ५३.७३ प्रतिशत प्रतिनिधित्व भएको हुँदा साधारण सभाको गणपूरक संख्या पुगेको र कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा ४ बमोजिम वित्तीय संस्थाको वार्षिक साधारण सभा रजिष्टर्ड कार्यालय रहेको जिल्ला अर्थात काठमाडौंमा नै गरिएको हुँदा कम्पनी सचिवले प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको व्यहोरा जानकारी गराउनु भयो ।

६.२ वित्तीय संस्थाको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्ष श्री डेकिन्द्र कुमार राईज्यूको सभापतित्वमा गर्ने व्यहोरा कम्पनी सचिवले जानकारी गराउँदै

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.

सञ्चालक समितिका अध्यक्ष श्री डेकिन्द्र कुमार राईज्यूको सभापतित्वमा वित्तीय संस्थाको अट्ठाइसौं तथा उनन्तिसौं वार्षिक साधारण सभा शुरु गर्न अनुरोध गर्नुभयो ।

**७. वार्षिक साधारण सभाको प्रस्तुती**

७.१ सभाका अध्यक्षज्यूले उपस्थित सबै सेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्दै पूर्व निर्धारित छलफलको विषयसूची अनुसार आर्थिक वर्ष २०७८/७९ तथा २०७९/८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नुभयो ।

७.२ तत्पश्चात् अध्यक्षज्यूले वित्तीय संस्थाको लेखापरीक्षण प्रतिवेदनसहित २०७९ तथा २०८० आषाढ मसान्तको वासलात, आ.व. २०७८/७९ तथा २०७९/८० को नाफा नोक्सानीको हिसाव तथा नगद प्रवाह विवरण लगायतका विवरणहरु छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नुभयो ।

**८. छलफलको लागि आव्हान र सहभागी सेयरधनीहरु**

८.१ वित्तीय संस्थाको संचालक समितिको आ.व. २०७८/७९ तथा आ.व. २०७९/८० को वार्षिक प्रतिवेदन, २०७९ तथा २०८० आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७८/७९ तथा २०७९/८० को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण उपर आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै जिज्ञाषा तथा सुझाव भए जानकारी गराउन कम्पनी सचिवज्यूले सेयरधनीहरु समक्ष अनुरोध गर्नु भएपश्चात् सेयरधनीहरुले छलफलको क्रममा प्रत्यक्ष रुपले सहभागी हुँदै देहाय अनुसार आ-आफ्नो जिज्ञाषा तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

८.२ छलफलमा सहभागी भई सल्लाह तथा सुझाव राख्नु हुने सेयरधनी महानुभावहरुको नामः

१. श्री ब्रह्मदेव शाक्य
२. श्री युगल बस्नेत
३. श्री उद्धव प्रसाद घिमिरे
४. श्री रोज कुमार श्रेष्ठ
५. श्री चन्द्र नारायण श्रेष्ठ
६. श्री यादप राई
७. श्री गोविन्द बहादुर के.सी.
८. श्री सत्रुघन श्रेष्ठ
९. श्री यादव चन्द्र राई
१०. श्री निरुपमा गुप्ता
११. श्री इन्द्र कृष्ण श्रेष्ठ
१२. श्री पुरञ्जन राई
१३. श्री सुदिप श्रेष्ठ
१४. श्री कृष्ण प्रसाद कश्यप
१५. श्री ज्ञान बहादुर लामा
१६. श्री टिकाराम सुनुवार
१७. श्री नरसिहं लाल चंखु (लिखित मन्तव्य)

**९. छलफलमा सहभागी हुनेहरुले आ-आफ्नो विचार प्रस्तुतीकरण**

छलफलका क्रममा सेयरधनी महानुभावहरुले वित्तीय संस्थाको वित्तीय विवरणको क्रममा आफ्नो राय व्यक्त गदै संस्थाले गरेका राम्रा पक्षको सम्बन्धमा राय दिनुका साथै संस्थामा निम्न उल्लेख भए बमोजिम सल्लाह तथा सुझाव तथा लिखित सुझावहरुलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

- आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र वार्षिक साधारण सभा गर्नु पर्ने व्यवस्था रहेकोमा अघिल्लो वर्षको समेत साधारण सभा नभएकोमा यस वर्षको साधारण सभासाधारण सभा समेत ढिला हुन गयो ।

- गैह्र बैकिङ सम्पत्ति विक्रीको योजना के छ ?
- संचिति नोक्सानी धेरै भयो ।
- कर्जा अपलेखन किन यति धेरै भयो ।
- वित्तीय संस्थाबाट अपलेखन भएका कर्जा असुलीको लागि के कस्तो प्रक्रिया अगाडि बढाइएको छ ?
- सेयर संरचना परिवर्तन गर्न किन प्रस्ताव गरिएको हो ?
- निष्कृय कर्जा किन धेरै भयो?
- सञ्चालक समितिको बैठक धेरै भयो ।
- सञ्चालक समितिको बैठक एकै दिन किन दुई पटक बस्यो ?
- लाभाशं वितरण गर्न कति समय लाग्छ ?

**१०. सभामा सेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञाषा र प्रश्नहरुको सुझाव**

वित्तीय संस्थाका सेयरधनीहरुबाट वार्षिक प्रतिवेदनका सम्बन्धमा उठाउनु भएको जिज्ञाषा तथा प्रश्नहरुको सन्दर्भमा अध्यक्षज्यूले निम्नानुसारको जानकारी गराउनु भयो ।

- आर्थिक वर्ष २०७८/७९ को प्रारम्भिक लेखापरीक्षण समयमै सम्पन्न भएतापनि नेपाल राष्ट्र बैंकबाट प्रारम्भिक स्वीकृति तथा लेखापरीक्षकबाट वित्तीय विवरण हस्ताक्षर हुन समय लागेको र नेपाल राष्ट्र बैंकबाट साधारण सभा स्वीकृति २०८०/०४/०१ मा मात्र प्राप्त भएको, उक्त समयमा आ.व. २०७९/८० समेत सम्पन्न भइसकेकोले सञ्चालक समितिले खर्च कम गर्ने उद्देश्यले एकै पटक साधारण सभा गर्ने मनसाय राखेको र २०७९/८० को लेखापरीक्षण सम्पन्न भई साधारण सभा स्वीकृति २०८०/०९/०३ मा प्राप्त भएको तर सञ्चालक समितिले सेयर संरचना परिवर्तन गर्ने निर्णय गरी प्रारम्भिक स्वीकृतिको लागि नेपाल राष्ट्र बैंकमा पेश गरिएकोमा उक्त प्रारम्भिक स्वीकृति प्राप्त हुन समय लागेकोले साधारण सभा ढिला हुन गएको जानकारी गराउँदै आगामी वर्षबाट समयमा नै वार्षिक साधारण सभा सम्पन्न गरिने व्यहोरा जानकारी गराउन चाहान्छु ।
- वित्तीय संस्थामा पुराना कर्जाहरु लामो समयदेखि समस्यामा रहेको र निष्कृय कर्जा समेत अधिक रहेकोमा सञ्चालक समिति तथा व्यवस्थापन निष्कृय कर्जा घटाउने ध्येयको साथ निष्कृय कर्जा अनुपात घटाउन लागेकोले आ.व. २०७९/८० मा रु ३५.५६ करोड बराबरको गैह्र बैकिङ सम्पत्ति लेखाकंन गरिएकोले धेरै भएको साथै यस आ.व.मा रु ७.८१ करोड बराबरको गैह्र बैकिङ सम्पत्ति विक्री गर्ने निर्णय सञ्चालक समितिबाट भएपश्चात् नामसारी समेत भएको र अन्यको हकमा नियमित रुपमा सूचना प्रकाशन गरि प्रक्रिया अगाडि बढाइको जानकारी गराउन चाहान्छु ।
- वित्तीय संस्थामा एकै पटक ठुलो मात्रामा कर्जा नोक्सानी व्यवस्था गरिदाँ र गैह्र बैकिङ सम्पत्ति लेखाकंन गरिदाँ संचिती नोक्सानीमा वृद्धि भएको यद्यपी हाल उक्त संचिति नोक्सानी घट्ने क्रममा रहेको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछु ।
- वित्तीय संस्थामा कमजोर धितो रहेको तर लामो समय देखि असुल हुन बाँकी कर्जा अपलेखन गरी ऋण असुली न्यायाधिकरणमा मुद्धा दायर गर्ने उद्देश्यले अपलेखन गरिएको जानकारी गराउन चाहान्छु ।
- वित्तीय संस्थाबाट अपलेखन भएका कर्जा असुलीको लागि अपलेखन भएको कर्जा असुली इकाइ गठन गरी कार्य गरिरहेको एवं ऋण असुली न्यायाधिकरणमा समेत मुद्धा दायर गरिएको व्यहोरा अवगत गराउन चाहान्छु ।

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.

- वित्तीय संस्थाको सेयर संरचनामा संस्थापक समुहको ५७.५१ प्रतिशत रहेको र सर्वसाधारण समुहको ४२.४९ प्रतिशत रहेकोमा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृतीमा संस्थापक सर्वसाधारण हिस्सा ५१/४९ प्रतिशत सम्म कायम गर्न पाउने व्यवस्था अनुरुप सेयर संरचना प्रस्ताव गरिएको छ ।
- सञ्चालक समिति दिगो एवं पारदर्शी बैकिङ हुनुपर्छ भन्ने मान्यताको साथ अघि बढेको र कर्जा नोक्सानी व्यवस्था गर्न बाँकी रहेका कर्जा समेत कर्जा नोक्सानी व्यवस्था कायम गरेकोले वित्तीय संस्थामा नेपाल राष्ट्र बैंकबाट थप कर्जा नोक्सानी व्यवस्थामा थप भएपश्चात् २०८० आषाढमा १९.२५ प्रतिशत निष्कृय कर्जा रहेकोमा २०८० पौष महिनामा १३.७३ प्रतिशत रहेको र हाल निष्कृय कर्जा अनुपात घट्दो क्रममा रहेको व्यहोरा जानकारीको लागि अनुरोध छ । ।
- सञ्चालक समितिको बैठक आवश्यकता र औचित्यताको आधारमा बोलाइएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।
- २०७९ भाद्र २० गते एकै पटक सञ्चालक समितिको बैठक दुई पटक बसेको सम्बन्धमा उक्त दिन पहिलो बैठक वित्तीय संस्थाको नियमित एजेण्डामा छलफल गर्न बसेको साथै सोही दिन सञ्चालक समितिका तत् समयका अध्यक्षले आफ्नो पदबाट राजिनामा दिएपश्चात् रिक्त रहेको अध्यक्ष चयनको लागि बैठक बसेको व्यहोरा अवगत गराउन चाहान्छु ।
- वित्तीय संस्थाको उच्च निष्कृय कर्जा तथा गैह्र बैकिङ सम्पत्तिले गर्दा संचिति नोक्सानीमा बढोत्तरी भएको र व्यवस्थापन तथा सञ्चालक समिति निष्कृय कर्जा तथा गैह्र बैकिङ सम्पत्ति व्यवस्थापनमा लागि रहेको एवं यथासक्य चाडो लाभाशं वितरण गर्ने योजना साथ अघि बढेको व्यहोरा अवगत गराउन चाहान्छु ।

**११. अट्ठाइसौं तथा उनन्तिसौंवार्षिक साधारण सभाका निर्णयहरु :**

**क) साधारण प्रस्तावहरु :**

**१)आ.व. २०७८/७९ र २०७९/८० को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।**

वित्तीय संस्थाको आर्थिक वर्ष २०७८/७९ र २०७९/८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभाले सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गरियो ।

**२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्त र २०८० आषाढ मसान्तको वासलात तथा २०७८ श्रावण १ देखि २०७९ आषाढमसान्त र २०७९ श्रावण १ देखि २०८० आषाढमसान्तसम्मको नाफा नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।**

वित्तीय संस्थाको स्वतन्त्र लेखापरीक्षक श्री एस.आर पाण्डे एण्ड कम्पनीका साझेदार श्री अरुण राउतले पेश गर्नु भएको आ.व. २०७८/७९ स्वतन्त्र लेखापरीक्षण प्रतिवेदन, २०७९ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन, लेखा सम्बन्धी टिप्पणीहरु र थप प्रकटीकरण तथा स्वतन्त्र लेखापरीक्षक श्री एन.बी.एस.एम एण्ड एसोसियट्सका साझेदार श्री राजेश कुमार साहले पेश गर्नु भएको आ.व. २०७९/८० स्वतन्त्र लेखापरीक्षण प्रतिवेदन, २०८० आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन, लेखा सम्बन्धी टिप्पणीहरु र थप प्रकटीकरण समेतलाई सभाले सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गरियो ।

**३) आ.व.२०८०/८१ को लेखापरिक्षणको लागि लेखापरिक्षण समिति तथा संचालक समितिको सिफारिस बमोजिम लेखापरिक्षक नियुक्ती गर्ने र नीजको पारिश्रमिक निर्धारण गर्ने ।**

लेखापरीक्षण समितिको मिति २०८० पौष २६ गते सम्पन्न बैठकबाट वित्तीय संस्थाको आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण गर्नका निमित्त कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय

संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुरुप बाह्य लेखापरीक्षकको नियुक्त गर्ने सम्बन्धमा लेखापरीक्षक श्री N.B.S.M & Associates,चार्टर्ड एकाउण्टेण्ट्स, काठमाडौंलाई २०८०/८१ को अन्तिम लेखापरीक्षण शुल्क, २०८०/८१ को Long Form Audit Report शुल्क, आ.व. २०८०/८१ को कर लेखापरीक्षण शुल्क, कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिम को प्रतिवेदन प्रमाणित शुल्क, नेपाल धितोपत्र बोर्डद्वारा जारी संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ बमोजिम संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन प्रमाणित शुल्क, NFRS Review सम्बन्धि कामको शुल्क तथा शाखा भ्रमण कार्यको लागि लाग्ने खर्च समेत गरी एकमुष्ट रु ५,००,०००/- (मु.अ.क बाहेक) पारिश्रमिक प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

**ख) विशेष प्रस्तावहरु :**

**१) संस्थाको प्रबन्धपत्रको दफा ४(थ) र दफा ५(घ) संशोधन गर्ने ।**
वित्तीय संस्थाको प्रबन्धपत्रको **दफा ४(थ) र दफा ५(घ) मा** हुने संशोधन सम्बन्धी प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

**प्रबन्धपत्रको दफा ४(थ) को सट्टामा देहाय बमोजिम दफा ४(थ) कायम गरिएको:**
नेपाल राष्ट्र बैंकबाट इजाजत लिएर विदेशी मुद्राको कारोबार गर्ने ।

**प्रबन्धपत्रको दफा ५(घ) को सट्टामा देहाय बमोजिम दफा ५(घ) कायम गरिएको:**
वित्तीय संस्थाको सेयर पुँजी मध्ये ५१ प्रतिशत संस्थापक सेयर संस्थापक समुह र ४९ प्रतिशत सेयर सर्वसाधारण समुहमा हुनेछ ।

**२) संस्थाको प्रबन्धपत्र, नियमावली सम्बन्धमा नियमनकारी निकायबाट आवश्यक हेरफेर गर्न निर्देशन भएमा सोहि बमोजिम गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**
वित्तीय संस्थाको प्रबन्धपत्र संशोधन गर्न अनुमति लिनु पर्ने नियमाक निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थप घट लगायत आवश्यक संशोधन गर्न सन्चालक समितिलाई अख्यिारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**ग) विविध:**

विविध अन्तर्गत छलफलका लागि अन्य विषय नभएकोले साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणित गर्ने र बुझाउनु पर्ने निकायहरुमा कम्पनी सचिवले प्रमाणित गरि प्रतिलिपि बुझाउने व्यहोरा सभालाई जानकारी गराइयो ।

**१२. धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**
छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्यूले सेयरधनी महानुभावहरुलाई छलफलमा सकरात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै सेयरधनीहरुबाट आवश्यक मार्ग निर्देशन प्राप्त भई प्रस्तुत प्रस्तावहरु पारित भएकोमा खुसी प्रकट गर्नुका साथै अट्ठाइसौं तथा उनन्तिसौं वार्षिक साधारण सभा सफतापूर्वक सञ्चालन एवं सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण सेयरधनी महानुभावहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रार कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज,

मध्यमस्तरीय करदाता कार्यालय, लेखापरिक्षक, पत्रकार, कर्मचारी वर्ग तथा अन्य संस्थाप्रति शुभेच्छुक सम्पूर्ण महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै दिउँसो ४:०० बजे विधिवत रुपमा सभा विसर्जन गर्नुभयो ।

| | | |
|---|---|---|
| ........................ | Gurkhas Finance Ltd. गोर्खाज फाइनान्स लि. | ........................ |
| मुकुन्द श्रेष्ठ | | श्री डेकिन्द्र कुमार राई |
| कम्पनी सचिव | | अध्यक्ष |

मिति : २०८०/१२/०२